# संघीय संसद
# प्रतिनिधि सभा

छैटौं अधिवेशन

बैठक संख्या - १८

सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ २५ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री देवेन्द्रराज कंडेललाई समय दिनुहुँदा उहाँले विद्युतीय सवारी साधन आयातमा कर बढाएर सरकारले वातावरण मैत्री विद्युतीय सवारी साधनलाई निरुत्साहन गर्ने कार्य गरेको, संसारका अन्य देशहरुले समेत पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनमा कटौती गरी विद्युतीय सवारी साधनमा जोड दिने नीति अबलम्बन गरेकोमा नेपाल सरकारले भने यसको विपरीत नीति लिएको भन्नुहुँदै विद्युतीय सवारी साधनमा लगाएको कर फिर्ता लिन सरकारलाई आग्रह गर्नुभयो ।

तत्पश्चात मा० श्री चन्दा चौधरीले प्रतिनिधि सभाको जेठ १९ गतेको बैठकमा एकजना मा० सदस्यले बोल्नुभएको आपत्तिजनक शब्दहरु संसदको रेकर्डबाट हटाउन माग गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले सदनमा बोल्ने क्रममा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ङ) लाई ध्यानमा राख्नहुन ध्यानाकर्षण गराउनुहुँदै राष्ट्रिय प्राथमिकताको आवश्यकता पुरा गर्ने लक्ष्य अनुरुप जोखिम मोलेर सदन सञ्चालन भैरहेको बेलामा व्यक्तिगत टिकाटिप्पणी र आरोप प्रत्यारोपतिर नजान मा० सदस्यहरुलाई आग्रह गर्नुभयो । साथै मा० सदस्यहरुबाट उठाइएका विषयका सम्बन्धमा सबै विवरणको अध्ययन गरी सबै दलको प्रतिनिधित्व भएको कार्यव्यवस्था परामर्श समितिमा छलफल गरी आवश्यक टुंगोमा पुग्ने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउँछु भन्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलले “राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन २०७५/०७६” पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७७ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत रुपमा छलफल प्रारम्भ हुने जानकारी गराउनु भयो । साथै उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शिर्षकहरुमाथि दश जना मा० सदस्यहरुबाट एकल र संयुक्त रुपमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

त्यसपछि खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा समेत भाग लिनुभयो ।

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री रामबाबु कुमार यादव
५. मा० श्री गगन कुमार थापा
६. मा० श्री अतहर कमाल मुसलमान
७. मा० डा० नारायण खड्का
८. मा० श्री दिलेन्द्र प्रसाद बडू
९. मा० श्री भिमसेनदास प्रधान
१०. मा० श्री प्रकाशमान सिंह

तदुपरान्त उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भिमबहादुर रावल
२. मा० श्री बालकृष्ण खांण

३. माo श्री अनिल कुमार झा
४. माo श्री उमाशंकर अरगरिया
५. माo श्री राजेन्द्र प्रसाद लिङदेन
६. माo श्री पम्फा भुषाल
७. माo श्री उमेश श्रेष्ठ
८. माo श्री नरमाया ढकाल
९. माo श्री प्रदिप यादव
१०. माo श्री छविलाल विश्वकर्मा
११. माo श्री राजेन्द्र कुमार के.सी.
१२. माo श्री रेनुका गुरुङ्ग
१३. माo श्री प्रभु साह
१४. माo श्री उमा रेग्मी
१५. माo श्री सरिता गिरी
१६. माo श्री बृजेश कुमार गुप्त
१७. माo श्री अभिषेकप्रताप शाह
१८. माo श्री कल्याणी कुमारी खड्का
१९. माo श्री विरोध खतिवडा
२०. माo श्री विमला नेपाली
२१. माo श्री यज्ञराज सुनुवार
२२. माo श्री नवराज सिलवाल
२३. माo श्री उमाकान्त चौधरी
२४. माo श्री सरिता न्यौपाने
२५. माo श्री प्रमोद कुमार यादव
२६. माo श्री रेखा कुमारी झा
२७. माo श्री लीलानाथ श्रेष्ठ
२८. माo श्री मिनेन्द्र प्रसाद रिजाल
२९. माo श्री गजेन्द्र बहादुर महत
३०. माo श्री नविना लामा
३१. माo श्री प्रदिप गिरी
३२. माo श्री विद्या भट्टराई
३३. माo श्री शशी श्रेष्ठ
३४. माo श्री महेन्द्र कुमारी लिम्बु
३५. माo श्री मनकुमारी जि.सी.
३६. माo श्री लालबहादुर थापा
३७. माo श्री सञ्जय कुमार गौतम
३८. माo श्री गोपाल बहादुर बम
३९. माo श्री पार्वता डि.सी. (चौधरी)
४०. माo श्री राजेन्द्र प्रसाद गौतम
४१. माo श्री पुष्पाकुमारी कर्ण कायस्त
४२. माo श्री सत्यनारायण शर्मा खनाल
४३. माo श्री सरला कुमारी यादव
४४. माo श्री सरिता कुमारी गिरी
४५. माo डाo अमरेश कुमार सिंह
४६. माo श्री कृष्ण बहादुर राई
४७. माo श्री दिव्यमणि राजभण्डारी
४८. माo श्री दिल कुमारी
४९. माo श्री दिपक प्रकाश भट्ट
५०. माo श्री लक्ष्मी परियार
५१. माo श्री देवप्रसाद तिमलसेना
५२. माo श्री रंगमती शाही
५३. माo श्री देवप्रसाद गुरुङ्ग

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७७ अन्तर्गत आजको लागि निर्धारित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा माo सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै विनियोजन विधेयक, २०७७ अन्तर्गत विभिन्न मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित माo मन्त्रीहरुले जवाफ दिने कार्यक्रम मिति २०७७ जेठ २६ गतेको बैठकमा हुने व्यहोरा माo सदस्यहरुलाई जानकारी गराउनु भयो।

तदनन्तर बैठक २०७७ साल जेठ २६ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको ५:५० बजे स्थगित भयो।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव